**स्वीकृत मिति:२०८० मंसिर १३ गते**

**................................ इन्स्योरेन्स कम्पनी लिमिटेड**

# पन्छी बीमालेख

यस बीमालेखमा उल्लेख भएको पन्छी पालनमा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले बीमितले गरेको प्रस्ताव फाराम तथा उद्घोषणको आधारमा बीमा ऐन, २०७९ को अधिनमा रही बीमक श्री ................. ले यो बीमालेख जारी गरेको छ।

परिच्छेद -१

## प्रारम्भिक

१. **बीमालेखको नाम र प्रारम्भः** (१) यस बीमालेखको नाम "पन्छी बीमालेख" रहेको छ।
(२) यो बीमालेख बीमीतले बीमाशुल्क भुक्तानी गरेपश्चात् प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,-

(क) "अप्रत्यक्ष क्षति" भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।

(ख) "अभिलेख" भन्नाले यस बीमालेखमा उल्लेख भएको पन्छीलाई तोकिए बमोजिमको सङ्क्रामक रोग विरुद्धको खोप, उपचार, आन्तरिक परजीवीको विरुद्ध औषधीको खुवाईएको अभिलेख सम्झनु पर्छ।

(ग) "क्वारेनटाईन" भन्नाले कुनै पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्रीमा कुनै रोग लागेको छ/छैन भन्ने कुरा यकिन गर्न पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्रीलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परीक्षणको लागि एकैसाथ वा छुट्टाछुट्टै राख्ने काम सम्झनु पर्छ।

(घ) "ग्रान्ड प्यारेन्ट" भन्नाले प्यारेन्ट चल्ला उत्पादन गर्ने पन्छी सम्झनु पर्छ।

(ङ) "ग्रान्ड प्यारेन्ट फार्म" भन्नाले व्यवसायिक रूपमा प्यारेन्ट चल्ला उत्पादन गर्ने प्रयोजनका लागि स्थापना गरिएको पन्छीको फार्म सम्झनु पर्छ।

(च) "दर्तावाल पशु चिकित्सक" भन्नाले नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ बमोजिमको दर्ता किताबमा नाम दर्ता भएको पशु चिकित्सक सम्झनुपर्छ।

(छ) "दावी" भन्नाले बीमा गरिएको पन्छी क्षति बापत् बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(ज) "दुर्घटना" भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र सांघातिक माध्यमबाट हुने आकस्मिक र अप्रत्याशित घटना सम्झनु पर्छ।

(झ) ‘‘पन्छी’’ भन्नाले प्रचलित कानून बमोजिम पालन गर्न सिफारिस ब्रोईलर, लेयर्स, प्यारेन्ट, ग्राण्ड प्यारेन्ट, हाँस, टर्की, लौकाट, स्थानीय तथा उन्नत जातका कुखुरा लगायतका घरपालुवा पन्छी सम्झनु पर्छ।

(ञ) ‘‘पशु सेवा कार्यालय’’ भन्नाले स्थानीय तह न.पा/गा.पा.मा रहेको पशु सेवा शाखा वा सम्बन्धित पालिका कार्यक्षेत्र भित्र रहेको प्रदेश मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा पशु सेवाका निकायहरु सम्झनु पर्छ।

(ट) ‘‘प्रस्तावक’’ भन्नाले यस बीमालेखमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको पन्छीको स्वामित्व भएको व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ठ) ‘‘प्राविधिक जाँच सिफारिस’’ भन्नाले बीमा गर्न प्रस्तावित पन्छी स्वस्थ तथा बीमायोग्य छ वा छैन भनी सम्बन्धित प्राविधिकद्वारा अध्ययन, अवलोकन वा जाँच गरी सिफारिस गर्ने कार्य सम्झनु पर्छ।

(ड) ‘‘प्राविधिक’’ भन्नाले एस.ई.ई/एस.एल.सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी पशु विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा पशु विज्ञान विषय लिई टी.एस.एल.सी. वा पशु विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ढ) ‘‘बीमक’’ भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी सम्झनु पर्छ।

(ण) ‘‘बीमा अवधि’’ भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ।

(त) ‘‘बीमाङ्क रकम’’ भन्नाले बीमालेख बमोजिम पन्छीको जोखिम रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(थ) ‘‘बीमाशुल्क’’ भन्नाले बीमालेखमा उल्लेख गरिएको पन्छीको बीमा गर्दा प्रतिफलको रूपमा बीमितबाट एकमुष्ठ वा किस्ताबन्दी रूपमा बीमकले लिने रकम सम्झनु पर्छ।

(द) ‘‘बीमित’’ भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ।

(ध) ‘‘ब्याच’’ भन्नाले समुहमा एकै पटक पन्छीको आगमन तथा बहिर्गमन हुने अवस्थालाई सम्झनु पर्छ।

(न) ‘‘मूलभूत विवरण‘‘ भन्नाले बीमा गरिएको पन्छीको जोखिमलाई फरक पार्न सक्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ।

(ऩ) ‘‘मृत्यु प्रमाणपत्र’’ भन्नाले नेपाल पशु चिकित्सा परिषद् ऐन २०५५ बमोजिम दर्तावाल/इजाजत प्राप्त पशु चिकित्सकले पन्छीको मृत्यु भएको भनि लिखित रुपमा जारी गरेको प्रमाणपत्र सम्झनु पर्छ।

(प) ‘‘मृत्युको जानकारी वा निस्सा’’ भन्नाले सम्बन्धित पशुसेवा प्राविधिकले बीमित पन्छीको मृत्यु भएको व्यहोरा जनाई लिखित रूपमा गरेको सिफारिस सम्झनु पर्छ।

(फ) ‘‘रक्षावरण’’ भन्नाले बीमालेखमा उल्लेख भएको पन्छीमा भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि बीमकले मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(ब) "लापरवाही" भन्नाले बीमितले बीमा गरिएको पन्छीलाई रोगका विरुद्ध निर्धारित समयमा नै आवश्यक प्रतिरोधात्मक खोपहरू नलगाएको वा पन्छी अस्वस्थ भएको अवस्थामा उचित स्याहार, हेरचाह र उपचार नगराएको वा व्यवस्थित खोर नबनाएको वा जानाजान हानी गर्न खोजिएको अवस्था सम्झनु पर्छ।

(भ) "लेयर्स फार्म" भन्नाले मानव आहाराको प्रयोजनको लागि व्यवसायिक रुपमा अण्डा उत्पादन गर्ने पन्छी पालन गरिएको फार्म सम्झनु पर्छ।

(म) "व्यावसायिक फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि स्थापना भई कम्तीमा २०० (दुई सय) पन्छी पालन गरेको फार्म सम्झनु पर्छ।

(य) "सङ्क्रामक रोग" भन्नाले पशु स्वस्थ्य तथा पशुसेवा ऐन, २०५५ को अनुसूचीमा उल्लेखित रोग र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य रोगहरुलाई समेत सम्झनु पर्छ।

(र) "ह्याचरी" भन्नाले भ्रूण सहित अण्डालाई निश्चित तापक्रम र सापेक्षित आद्रता व्यवस्था भएका चल्ला कोरल्ने यन्त्र (मेशिन) मा राखी चल्ला कोरल्ने स्थान सम्झनु पर्छ।

(ऱ) "क्षति" भन्नाले कुनै घटना घटी वा विपत्ति परी वा जंगली जनावरको आक्रमणबाट वा रोग वा किरा लागी बीमा गरिएको पन्छीको हानी भई, बिग्रिई, नष्ट भई हुने आर्थिक क्षति सम्झनु पर्छ।

(ल) "क्षतिपूर्ति" भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई क्षतिपूर्ति वापत भुक्तानी गर्ने दावी रकम सम्झनु पर्छ।

(ळ) "क्षति मूल्याङ्कनकर्ता" भन्नाले यस बीमालेख बमोजिम बीमा भएको पन्छीको क्षतिको मूल्याङ्कन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ऴ) "क्षति मूल्याङ्कन प्रतिवेदन" भन्नाले बीमक वा क्षति मूल्याङ्कनकर्ताले पन्छी पालनमा रक्षावरण गरिएको जोखिमबाट आर्थिक क्षति भएको भनी यकिन गरी दिएको प्रतिवेदन सम्झनु पर्छ।

## परिच्छेद-२

## रक्षावरण

३. रक्षावरणः बीमा गरिएको पन्छीमा बीमा अवधिभित्र देहाय कारणबाट क्षति वा नोक्सानी भएमा बीमकले बीमाङ्क रकमको सीमाभित्र रही क्षतिपूर्ति प्रदान गर्नेछः-

(क) अग्निजन्य क्षतिः

(१) आगलागी वा अग्नीको कारणले भएको क्षति

(ख) हावाजन्य क्षतिः

(१) हुरीबतासको कारणले भएको क्षति,

(२) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति।

(ग) पानीजन्य क्षतिः

(१) अतिवृष्टिको कारणले भएको क्षति,

(२) असिना, हिउँ वा तुषारोको कारणले भएको क्षति,

(३) बाढी वा डुबानको कारणले भएको क्षति ।

(घ) भूमीजन्य क्षतिः

(१) भूकम्पको कारणले भएको क्षति,

(२) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति ।

(ङ) चट्याङ्जन्य क्षति

(१) चट्याङको कारणले भएको क्षति ।

(च) रोगजन्य क्षति

(१) रोगको कारणले भएको क्षति ।

(छ) आकस्मिक तथा दुर्घटनाजन्य बाह्य कारणहरुबाट हुने

(१) जंगली जनावरको आक्रमण (खाएर वा कुल्चिएर वा घिसारेर, खसालेर वा लछारेर) बाट भएको क्षति ।

४. दुर्घटना बीमा: यस बीमालेखमा उल्लेख गरिएको बीमा अवधिभित्र बीमितको देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमा बापत बीमाङ्क रकम रु. २,००,०००।- (अक्षरेपी दुईलाख रूपैयाँ) बीमकले बीमितलाई भुक्तानी गर्नेछ ।

(क) आत्महत्या बाहेक अन्य कुनै पनि दुर्घटनाको कारणले मृत्यु भएमा

(ख) स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढको हड्डी काम नलाग्ने भएमा

(ग) कुनै एउटा हात पुरै काम नलाग्ने भएमा

(घ) कुनै एउटा खुट्टा पुरै काम नलाग्ने भएमा

(ङ) दुईवटै आँखाको दृष्टि गुमेमा

परिच्छेद-३

## अपवाद

५. अपवादः (१) यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका कारणबाट हुने क्षतिको क्षतिपूर्ति प्रदान गर्ने छैनः

(क) पन्छी पालनबाट भएको क्षतिको कारणबाट अन्य अप्रत्यक्ष क्षति भएमा,

(ख) अधिकार प्राप्त निकायको आदेशमा पन्छी नष्ट गरि क्षतिपूर्ति पाउने अवस्था भएमा

(ग) विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेशन) बाट पन्छीमा क्षति भएमा,

(घ) आणविक, रासायनिक तथा जैविक आम विनाशकारी हतियारको प्रयोगबाट क्षति भएमा,

(ङ) सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही, वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा,

(च) व्यापक सङ्क्रामक रोग बर्डफ्लुको कारण बीमित पन्छी मरेमा।

(२) देहायको कारणले भएको अन्य क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

(क) पन्छीको सम्बन्धमा सत्य तथ्य कुरा लुकाई छिपाई झुठ्ठा विवरण दिएको पाइएमा।

(ख) बीमा गरिएको पन्छी हराएमा वा चोरी भएमा ।

(ग) बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्य वा परीक्षण वा लापरवाहीको कारणले पन्छीमा क्षति पुर्याएमा।

(घ) बीमितको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले रिसइबीपूर्ण व्यवहारको कारणबाट पन्छीमा क्षति भएमा।

(ङ) कुनै प्रकारको महामारीको प्रकोप भएको भनि अधिकार प्राप्त निकायबाट घोषणा भएको क्षेत्रमा बीमा गरिएको पन्छीको उक्त महामारीबाट क्षति भएमा।

(च) व्यवसायिक प्रयोजनका लागि पालिएका पन्छीको हकमा पन्छी पालन गरेको स्थानबाट पचास (५०) मिटर भन्दा बढीको दूरीमा र घरपालुवाको हकमा पाँच सय मिटर भन्दा बढीको दूरीमा भएको दुर्घटना जन्य कारणबाट बीमित पन्छी मरेमा।

(छ) बीमकको स्वीकृत नलिई बीमित पन्छी बिक्री गरी स्वामित्व हस्तान्तरण गरेमा।

(ज) बीमा गरिएको पन्छी जुन प्रयोजनका लागि ल्याईएको हो सो भन्दा अन्य प्रयोजनमा प्रयोग गरेमा।

परिच्छेद-४

## बीमा सम्बन्धी शर्त

६. प्रस्ताव तथा स्वीकृति: (१) बीमालेख जारी गर्नु पूर्व बीमितले **अनुसूची-१** बमोजिमको प्रस्ताव फाराम पूर्ण रूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव फाराममा उल्लेख भए बमोजिम बीमकले बीमालेख जारी गर्नुपर्नेछ।

(३) दफा ७ को उपदफा (१) को अनुसूची-२ बमोजिमको ढाँचामा प्राविधिक जाँच सिफारिस प्राप्त गरेको हुनुपर्नेछ।

७. <u>प्राविधिक जाँच सिफारिस</u>: (१) बीमकले दफा (६) को उपदफा (१) बमोजिमको पूर्णरूपमा भरेको प्रस्ताव फाराम प्राप्त गर्दा अनुसूची-२ बमोजिम सम्बन्धित प्राविधिकले बीमा गर्न प्रस्तावित पन्छी प्राविधिक रूपमा पालन योग्य वा बीमा योग्य छ वा छैन भनी प्राविधिक जाँच सिफारिसपत्र प्राप्त गरेको हुनु पर्नेछ।

(२) बीमालेख जारी भएपश्चात् प्राविधिकले बीमा अवधिभित्र बीमा गर्न सिफारिस गरेको पन्छीको कम्तीमा एक पटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन **अनुसूची-३** बमोजिम बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखमा संलग्न गरी राख्नु पर्नेछ।

(३) प्राविधिकले बीमालेख जारी भएपश्चात् बीमा गरिएको पन्छीको पुनः जाँच परीक्षण गर्दा बीमितले शर्तहरू पूरा गरेको रहेनछ भने बीमालेख स्वतः रद्ध हुनेछ।

८. <u>बीमालेख रद्द हुने अवस्थाः</u> (१) देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछः-

(क) बीमितले बीमालेखको शर्त उल्लंघन गरेको,

(ख) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको,

(ग) बीमा गरेको पन्छीलाई उचित स्याहार नगरी लापरवाही गरेको,

(घ) बीमा गरेको पन्छी त्याग गरेको,

(ङ) गैरकानूनी तवरले बीमा गराएको,

(च) बीमायोग्य हित कायम नभएको,

(२) कुनै बीमितले उपदफा (१) बमोजिमको कुनै कार्य गरेको पाइएमा सोको प्रमाण समेत संलग्न गरी बीमालेख रद्द गर्न सक्नेछ।

तर, बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई कम्तीमा सात दिनको लिखित स्पष्टिकरणको मौका दिनु पर्नेछ।

(३) बीमकले उपदफा (२) बमोजिम बीमालेख रद्द गरेको प्रमाण सहित पन्ध्र दिनभित्र नेपाल बीमा प्राधिकरणमा जानकारी गराउनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुरोध गरेमा बीमकले बीमालेख रद्द गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बीमालेख रद्द गर्दा अनुदान प्राप्त नहुने बीमितलाई बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नु पर्नेछ र अनुदान प्राप्त हुने बीमितलाई कुनै रकम फिर्ता गर्नुपर्ने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वास्तविक मूल्यभन्दा बढी रकमको बीमाङ्क कायम गरी बीमा गराएको पाइएमा बीमालेख स्वतः रद्द हुनेछ र बीमकले सोको जानकारी नेपाल बीमा प्राधिकरणमा तुरून्त दिनु पर्नेछ।

९. <u>योगदानः</u> (१) यस बीमालेख अन्तर्गत पन्छीको बीमा गर्दा एउटै बीमकमा बीमा गर्नुपर्नेछ।

(२) बीमा गरिएको पन्छीको बीमा कुनै कारणवश अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो पन्छीको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नेछ।

१०. <u>प्रत्यासन:</u> (१) बीमा गरिएको पन्छीको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि बीमितले बीमकलाई अनुमति दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा पनि उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

११. <u>स्वामित्व परिवर्तन:</u> (१) बीमितले आफूले बीमा गरेको पन्छीको आंशिक वा पूर्ण स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिन भित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात बीमकले तत्काल बीमालेखको निःशुल्क नामसारी गरिदिनु पर्नेछ।

(३) बीमा गरिएको पन्छीको स्वामित्व हस्तान्तरण भएको खण्डमा बीमकले सो कुराको जानकारी प्राप्त भएको पन्ध्र दिन भित्र स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाममा नि:शुल्क नामसारी गरी दिनु पर्नेछ।

१२. <u>बीमालेखको पुनर्स्थापना:</u> पन्छी बीमालेख अन्तर्गत दावी परे पश्चात बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१३. <u>बीमालेखको अवधि:</u> (१) पन्छी बीमालेख जारी गर्दा घण्टा र मिनेटसमेत खुल्ने गरी समय उल्लेख गर्नुपर्नेछ।

(२) बीमालेखमा उल्लेख गरिएको बाहेकका बीमालेखहरू जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी बीमालेख जारी गर्न पाइने छैन।

(३) बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

(४) पन्छी बीमालेखको बीमा देहायको अवधि सम्म गर्न सकिनेछ।

(क) ब्रोइलरको हकमा आठ हप्तासम्म (५६ दिन)।

(ख) लेयर्स, हाँस र प्यारेण्ट, ग्राण्ड प्यारेन्टको त्रिहत्तर हप्तासम्म (५११ दिनसम्म)।

(ग) टर्की, लौकाट, स्थानीय कुखुरा तथा अन्य घरायसी प्रयोजनका लागि पालिएका पन्छीको एक वर्ष (३६५ दिन) सम्म।

(५) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिन सक्नेछ।

१४. <u>बीमकको कर्तव्य:</u> (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमकले पालना गर्नुपर्नेछ;-

(क) बीमालेख जारी गर्नु अघि बीमा गरिएको पन्छी समेटिएको विभिन्न कोणबाट खिचिएको स्थिर फोटो कम्तीमा पाँचवटा र कम्तीमा एक (१) मिनेटको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

(ख) पन्छी बीमालेख लिने बीमितको हकहित विरूद्ध क्षति पुर्याउनु हुँदैन।

(ग) बीमालेख जारी गर्दा वा बीमा दावी फछ्यौंट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख राख्नु पर्नेछ।

(घ) बीमालेखमा उल्लेख गरिएको बीमादरको आधारमा बीमाशुल्क गणना गर्नु पर्नेछ।

(ङ) बीमकले यस बीमालेख बमोजिम पन्छीको बीमा गर्दा शर्त पूरा नगरी बीमा गरेको रहेछ भने बीमकले दावीको समयमा शर्त पूरा नभएको भनी दावी भुक्तानी अस्वीकार गर्न पाउने छैन।

(२) यस बीमालेख बमोजिम पन्छी पालनको बीमा गर्दा दफा २२ बमोजिम बीमितले शर्त पालना गरे नगरेको यकिन गर्ने दायित्व बीमकको हुनेछ।

१५. बीमितको दायित्वः (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्ण रूपले पालना गर्नु पर्नेछः-

(२) बीमा गरिएको पन्छीको उचित स्याहार, रेखदेख गर्नुका साथै क्षति हुनबाट बचाउन सावधानीका उपायहरू अपनाउनु पर्नेछ।

(३) बीमित पन्छीको सम्बन्धमा बीमकले चाहेको जुनसुकै समयमा परीक्षण वा अनुगमन गर्न सक्ने हुँदा बीमकको अधिकारिक प्रतिनिधिलाई परीक्षण वा अनुगमन गर्न दिनु पर्नेछ।

(४) बीमितले दावी, छानविन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकार प्राप्त निकायलाई पूर्ण रूपमा सहयोग गर्नुपर्नेछ।

(५) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नुपर्नेछ।

१६. आंशिक बीमा गर्न नपाइनेः यस बीमालेख अनुसार एकै स्थानमा पालन गरिएको वा एउटै खोरमा पालन गरिएको पन्छीको आंशिक रूपमा बीमा गर्न पाइने छैन।

परिच्छेद ५

## बीमाङ्क तथा बीमाशुल्क

१७. बीमाङ्क निर्धारणः (१) यस बीमालेख बमोजिम बीमा गरिने पन्छीको बीमाङ्क रकम कायम गर्दा स्थानीय बजारमा प्रचलित चल्लाको खरिद मूल्य र दाना प्रति के.जी खरिद मूल्यको आधारमा देहायको समिकरणको योगफलको आधारमा कायम गरिनेछ।

| |
|---|
| प्रति पन्छीको बीमाङ्क रु. = प्रति केजी दानाको मूल्य× निर्धारित गुणाङ्क+ चल्लाको मूल्य |

- दानाको मूल्य: प्रति के.जी. स्थानीय वास्तविक मूल्य
- चल्लाको मूल्य : एक दिनको स्थानीय वास्तविक मूल्य
- निर्धारित गुणाङ्क:

  ब्रोइलर – ४.७५

  लेयर्स, ग्राण्ड प्यारेन्ट, प्यारेन्ट, हाँस, टर्की, लौकाट, स्थानीय कुखुरा तथा अन्य घरायसी प्रयोजनका लागि पालिएका पन्छीको हकमा – १०.२

(२) विदेशबाट आयात गरिएको पन्छीको बीमाङ्क निर्धारण गर्दा अनिवार्य रुपमा विदेशमा पैसा पठाएको प्रमाण, बिजक, ढुवानीको निस्सा, राजश्व तिरेको कागज, प्रचलित कानुन बमोजिम जारी गरिएको आधिकारिक क्वारेन्टाइन प्रमाणपत्र आदि पेश गर्नुपर्नेछ।

तर बीमाङ्क निर्धारण गर्दा पन्छी ढुवानी गर्दा लागेको ढुवानी खर्च समावेश गर्न पाइने छैन।

(३) व्यवसायिक फार्मको हकमा **अनुसूची-४** बमोजिम फार्म अभिलेख कायम गरिएको हुनुपर्नेछ।

१८. बीमाङ्क परिवर्तनः (१) बीमालेख जारी भईसके पश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) बीमा अवधिभित्र बीमा गर्नुपर्ने पन्छी थप गर्नु परेमा त्यसरी थप गरिने पन्छीको लागि छुट्टै बीमालेख जारी गर्नुपर्नेछ।

१९. बीमाशुल्क गणना: (१) यस बीमालेख बमोजिम जारी हुने पन्छी बीमालेखको बीमाशुल्क देहाय बमोजिम कायम गरिनेछ:

(क) ब्रोइलरको हकमा बीमाङ्क रकमको १.२५ (एक दशमलब दुई पाँच) प्रतिशत।

(ख) लेयर्स/प्यारेन्ट, ग्राण्ड प्यारेन्ट, हाँस, टर्की, लौकाट, स्थानीय कुखुरा तथा अन्य घरायसी प्रयोजनका लागी पालिएका पन्छीको हकमा ५% (पाँच प्रतिशत)।

(२) यस बीमालेख बमोजिम बीमाशुल्क गणना गर्दा **अनुसूची - ५** बमोजिम गर्नुपर्नेछ।

(३) यस बीमालेख बमोजिम बीमा गरिने पन्छीको उत्पादन चक्र एक वर्ष भन्दा बढी अवधिको भएमा एक वर्ष पछि बाँकी अवधिको लागि बीमाशुल्क समानुपातिक दरले गणना गर्नुपर्नेछ।

(४) यस बीमालेखमा उल्लेख भएको दुर्घटना बीमाबापत बीमाशुल्क प्रति बीमित पाँच सय (५००) रूपैयाँ लाग्नेछ।

(५) एक वर्षभन्दा कम अवधिको बीमालेखको लागि समेत उपदफा (३) मा उल्लेख गरिएको दुर्घटना बीमा बापतको बीमाशुल्क कायम गरिनेछ।

(६) पन्छीको लागि प्रयोग हुने खोर वा भौतिक सम्पत्तिको बीमा गर्दा प्राधिकरणबाट स्वीकृत प्रचलित सम्पत्ति बीमा निर्देशिका बमोजिम गर्नुपर्नेछ।

२०. बीमाशुल्क भुक्तानी: (१) बीमितले बीमाशुल्क भुक्तानी गरेको रकम बीमकको बैंक खातामा जम्मा भएको प्रमाण बीमकले प्राप्त नगरेसम्म बीमालेख जारी गर्न पाईने छैन।

२१. सामूहिक बीमाः (१) यस बीमालेख बमोजिम गरिने पन्छीको बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमित किसानको छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक बीमालेख जारी गरेपश्चात बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टाछुट्टै पन्छी पालन गरिएको अभिलेख कायम गर्नुपर्नेछ।

(४) सामूहिक रूपमा गरिएको पन्छी बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गरेको हुनु पर्नेछ र सोको विस्तृत विवरण **अनुसूची-६** बमोजिम राख्नुपर्नेछ।

(५) सामूहिक बीमा गर्ने प्रयोजनका लागि मात्र संस्था वा समूह गठन गर्न पाइने छैन।

परिच्छेद-६

## पन्छी बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

२२. **बीमितले पालना गर्नुपर्ने:** (१) बीमा गरिने पन्छीको हकमा देहाय बमोजिम प्राविधिक व्यवस्था पालना गरेको हुनु पर्नेछ।

(क) एक ह्याचरी देखि अर्को ह्याचरीको दुरी कम्तिमा २०० मिटरको फरकमा हुनुपर्नेछ।

(ख) प्यारेन्ट वा ग्राण्ड प्यारेन्टको हकमा प्रचलित कानून बमोजिम तोकिएको निकायमा दर्ता गर्नुपर्नेछ।

(ग) सबै पन्छीहरु स्वस्थ्य हुनु पर्नेछ।

(घ) पन्छीलाई विभिन्न उमेर तथा रोगको प्रकोप अनुसार लगाउनु पर्ने खोप चिकित्सकले सिफारीस गरे बमोजिम लगाईएको हुनुपर्नेछ।

(ङ) पन्छी पालन गर्दा नियमित रुपमा स्वच्छ दाना र सफा पानी खुवाउनु पर्नेछ।

(च) व्यवसायिक कुखरा फार्मको हकमा पन्छीलाई पर्याप्त दाना, डि-वर्मिङ (जुकाको औषधी) खुवाएको र आवश्यकता अनुसार डि-बिकिङ गरेको हुनुपर्नेछ।

(छ) प्राविधिकको सिफारिसमा तोकिएको मापदण्ड अनुसार खोरको निर्माण गरी पन्छी पालन गरेको हुनुपर्नेछ।

(२) बीमित पन्छीको देहाय बमोजिम प्राविधिक व्यवस्था पालना गरेको हुनु पर्नेछः-

(क) सङ्क्रामक रोग देखापरेको अवस्थामा उस्ताउस्तै लक्षण देखिएका र नदेखिएका पन्छीलाई छुट्टा-छुट्टै राख्नुपर्नेछ।

(ख) प्राविधिकको परामर्श अनुसार पन्छीलाई स्वस्थ्य र निरोगी राख्नु पर्नेछ र कुनै रोग लागेमा वा बिरामी भएमा तत्काल आफ्नै खर्चमा उचित रेखदेख, रोकथाम वा उपचार गराई सोको प्रमाण सुरक्षित साथ राख्नु पर्नेछ।

(ग) फार्म भित्र जंगली तथा अन्य घरपालुवा पशुपन्छी प्रवेश गर्न नमिल्ने व्यवस्था गर्नुपर्नेछ।

(घ) पन्छीहरु राख्ने खोर सफा र हावा खेल्ने हुनुपर्नेछ।

(ङ) कुनै सङ्क्रामक रोगका कारण समान लक्षण देखा परेको अवस्थामा बीमितले बीमकलाई चौबिस (२४) घण्टा भित्र सूचना दिनुपर्नेछ र सूचना प्राप्त भए पछि बीमकले त्यस स्थानमा तत्काल अनुगमनका लागि आफ्नो प्रतिनिधि खटाउनु पर्नेछ।

(च) बीमकले चाहेको समयमा बीमकको प्रतिनिधिलाई जुनसुकै समयमा पन्छी परीक्षण वा निरीक्षण गर्न दिनु पर्नेछ।

परिच्छेद -७

## दावी

२३. क्षतिको सूचनाः (१) यस बीमालेखले रक्षावरण गरेको पन्छीमा क्षति भएमा क्षति भएको (३) दिनभित्र बीमितले बीमकलाई टेलिफोन, फ्याक्स, इमेल, एस.एम.एस, लिखित पत्र वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ।

२४. दावी सम्बन्धी आवश्यक कागजातहरूः (१) बीमितले दावी भुक्तानी प्रक्रियाको लागि बीमकलाई देहाय बमोजिम कागजातहरू पेश गर्नु पर्नेछ।

(क) पूर्णरुपले भरिएको दावी फाराम।

(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति

(ग) सर्जमिन मुचुल्का (मुचुल्कामा कम्तीमा पाँच (५) जना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलेको हुनु पर्ने),

(घ) स्थानीय तहको वडा कार्यालयको पशु सम्बन्धी सेवा दिने प्राविधिक वा शाखा वा त्यस्तो सेवा दिने प्राविधक वा शाखा नभएको अवस्थामा वडा कार्यालयले क्षति भएको भनी गरेको सिफारिस,

(ङ) यस बीमालेखमा उल्लेख भएको अनुसूची-४ बमोजिमको अद्यावधिक अभिलेखको प्रति।

(च) व्यावसायिक फार्मको (प्यारेन्ट वा ग्रान्ड प्यारेन्ट) हकमा विज्ञ केन्द्र वा सम्बन्धित प्रदेशको पशु सेवासँग सम्बन्धित निकायको सिफारिस।

२५. दावी फछ्यौंट: (१) बीमकले आफू समक्ष परेको पन्छीको बीमा दावीको भुक्तानी प्रक्रिया तत्काल प्रारम्भ गर्नु पर्नेछ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्नेछ।

(३) बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक उपदफा (१) बमोजिम दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिनभित्र बीमकले क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ।

(४) क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको पन्छीको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँचवटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप **अनुसूची-७** क्षति मूल्याङ्कन प्रतिवेदनसंगै संलग्न गरेको हुनुपर्नेछ।

तर, क्षति मूल्याङ्कनकर्ताले परिस्थितिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैंले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा पाँचवटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप समावेश गर्न सकिनेछ।

(५) क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिनभित्र **अनुसूची-७** बमोजिम भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस निर्देशिकाको बर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएमा बीमकले क्षति मूल्याङ्कनकर्ताका लागि प्राधिकरणको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्तालाई खटाउन सक्नेछ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्नसक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधिभित्र क्षति मूल्याङ्कन गरी सक्नु पर्नेछ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिनभित्र बीमकले दायित्व यकिन गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारणसहित लिखित जानकारी बीमितलाई दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकममा अधिक बापतको रकम कट्टा गरी दावी भुक्तानी गर्नु पर्नेछ।

२६. दावी भुक्तानीः (१) बीमितले दफा २४ बमोजिमका कागजात सहित बीमक समक्ष बीमा दावी गर्नुपर्नेछ।

(२) यस बीमालेखमा बमोजिम गरिने पन्छीको दावी भुक्तानीका लागि निम्नानुसार आधार बमोजिम गर्नुपर्नेछः

(क) ब्रोइलरको हकमा साप्ताहिक निर्धारित गुणांक तालिका **अनुसूची- ८** बमोजिम।

(ख) टर्की, लौकाट, स्थानीय कुखुरा लगायत अन्य घरायसी प्रयोजनको हकमा **अनुसूची - ९** बमोजिम।

परिच्छेद -८

## विविध

२७. "बीमालेख" भन्नाले बीमकले जारी गर्ने पन्छीको जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखत सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फाराम, अनुसूची, तालिका लगायत बीमालेखसंग संलग्न कागजातहरू सम्झनु पर्छ।

२८. बीमालेखमा प्रयोग भएका शब्दावलीको अर्थः (१) बीमालेख सहित बीमा प्रस्ताव फाराम, अनुसूची, तालिका, बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ठ पन्छी बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्र्याएर बीमालेखको अर्थ लगाउन पाइने छैन।

(२) यस बीमालेखमा प्रयोग भएका विशेष प्राविधिक शब्दावलीको अर्थ परिभाषा खण्डमा उल्लेख भए बमोजिम हुनेछ।

२९. **अधिकः** यस बीमालेख अन्तर्गत कुल दावी योग्य रकमको ५% (पाँच प्रतिशत) वा रु. १०,०००।– (दश हजार) मध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गर्नुपर्नेछ।

३०. **उजुरी गर्न सक्ने**: (१) देहायका कुनै अवस्था आईपरेमा बीमितले विस्तृत विवरण खुलाई नेपाल बीमा प्राधिकरणमा उजुरी दिन सक्नेछः

(क) बीमकले दावीको निवेदन दर्ता नगरेमा,

(ख) बीमकले दावी वापतको रकम नदिएमा,

(ग) बीमकले भुक्तानी गर्न लागेको दावी वापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा,

(घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी वापतको रकम भुक्तानी गरेमा,

(ङ) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा।

(२) बीमा दावी सम्बन्धमा नेपाल बीमा प्राधिकरणले दिएको आदेशमा चित्त नबुझेमा ३५ (पैंतीस) दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## ................इन्स्योरेन्स कम्पनी लिमिटेड

## काठमाण्डौ, नेपाल

**अनुसूची -१**

**(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)**

**पन्छी बीमाको प्रस्ताव फाराम**

(१) फार्मको नाम:

(२) फार्मको स्थापना मिति :

(३) पन्छी बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः............................................

(४) पूरा ठेगानाः प्रदेश..................जिल्ला...................पालिका................. वडा नं................

टोलः ................... मोबाइल नं. ........................फोन नं. ............ईमेल.........................................

पेशाः.........................................................

(६) प्रस्ताव फारम भरेको मिति:

(७) पन्छी खरिद गरेको मिति:

(८) प्रस्तावित पन्छीको संख्या:

(९) पन्छी खरिद गरेको श्रोत :

(१०) बीमाको लागि प्रस्तावित प्रत्येक पन्छी समूह(ब्याच) को विवरण तालिकामा उल्लेख गर्नुहोस् ..........................................................

( पन्छीको किसिम अनुसार छुट्टा छुट्टै विवरण तालिका प्रयोग गर्नु पर्नेछ)

**पन्छीको किसिम:**

| क्र.स | जात | उमेर (दिन वा हप्ता ) | समुह (ब्याच) | पालिएको तरिका | | हालको स्वास्थ्य स्थिती | बीमा अवधि | | बीमाङ्क | पन्छीको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | घरपालुवा | व्यवसायिक | | देखि | सम्म | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |

(११) पन्छीको वर्ग: क) ब्रोईलर्स/लेयेर्स/ग्राण्ड प्यारेन्ट/प्यारेन्ट/स्थानीय ☐ ख) हाँस ☐ ग)टर्की ☐

ङ) लौकाट ☐ च)अन्य घरायसी प्रयोजनका लागि पालीने पन्छी

(१२) फिडको प्रकार उल्लेख गर्नुहोस:

क) व्यावसायिक ☐ ख) स्थानी ☐ स्थानी वा व्यावसायिक दुवै ☐

(१४) पानीको स्रोत: क)धाराको पानि ☐ ख) ट्युब वेल ☐ ग) बोर होल ☐ घ) अन्य… ☐

(१५) कुन प्रयोजन को लागि पन्छी पालन गरिएको हो? क) मासु उत्पादन ☐ ख) अण्डा उत्पादन ☐ ग) चल्ला उत्पादन

(१६) पन्छी राख्ने खोरको प्रणाली उल्लेख गर्नुहोस:

क) डिप लिटर प्रणाली ख) केज प्रणाली) ☐

**१७) पन्छीमा लगाइएको खोपको  विवरण:**

| क्र. सं. | पन्छीको उमेर (दिन वा हप्तामा ) | खोपको नाम, व्याच नं. | उक्त खोपले लाग्न नदिने रोगहरुको नाम | खोप लगाएको मिति |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

१८) ल्येर्सको हकमा डी-बिकिंग( De- Beaking) गरेको मिति:

१९) पन्छीलाई जुका बिरुद्ध औषधी (Deworming) खुवाएको  मिति:

२०) के तपाइँले आफ्नो फार्ममा निम्न रेकर्डहरू राख्नु भएको छ ?

क) मृत्युदर ख) फीड खपत ग) रोग घटना घ) खरिद  ङ) बिक्री

(२१) पन्छी पालन गरिएको स्थानको पूर्ण विवरण तथा ठेगानाः

प्रदेश..................जिल्ला...................पालिका ...............वडा नं.................टोलः..................

(२२) पन्छी पालन व्यक्तिगत वा सामूहिक के हो खुलाउनुहोस ?

(२३) सामूहिक भए निम्न विवरण भर्नुहोस्:

समूह वा बीमालेख धारकको नामः ...........................................  पन्छी पालन गरिएको स्थान............................................

ठेगानाः प्रदेश....................जिल्ला...................पालिका......................... टोलः........

फोन नं. .......................... मोबाइल नं. ......................... इमेल.................................................

(२४)  के उक्त पन्छीहरू स्वास्थ्य र रोगमुक्त छन् ? यदि छैनन् भने रोगहरुको विवरण दिनुहो ।

.................................................

(२५)  पन्छी स्वास्थ्य सेवा उपलब्ध छ ? यदी छ भने उक्त सेवा कहाँबाट लिएको छ ।

क ) सरकारी              ख) निजि

(२६)   पन्छी राखिने खोरबाट पन्छी स्वास्थ्य सेवा केन्द्रको अनुमानित दूरी उल्लेख गर्नुहोस ।

(२७) पन्क्षी फार्ममा जैविक सुरक्षाको अवस्था कस्तो छ?

क ) राम्रो        ख) ठिकै              ग) नराम्रो

(२७)  पन्छी पालन सम्बन्धी तालिम लिनुभएको छ ? यदि छ भने तालिम दिने संस्थाको नाम, तालिमको अवधि र मिति उल्लेख गर्नुहोस्।

........................................................................................................................................

(२८) तपाईले पाल्नुभएको पन्छीमा यस अघि कुनै महामारीको प्रकोप भएको वा रोग लागेको थियो? ...................................................................... यदि थियो भने, कति रकम बराबरको क्षति भएको थियो? ..............................................................................................

(२९) यदि रोगबाहेक अन्य कारणबाट क्षति भएको थियो भने निम्न विवरण भर्नुहोस्:

| वर्ष | क्षतिको कारण | क्षतिको परिमाण |
|---|---|---|
| | | |

(१९) यस अघि कुनै बीमा कम्पनीमा पन्छीको बीमा भएको भए सो बीमकको नाम र कति बीमाङ्क बराबरको बीमा भएको हो ? उल्लेख गर्नुहोस् ।

| बीमकको नाम | बीमाङ्क रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

(२०)  कुनै बैंक  वा वित्त कम्पनी वा सहकारीले उक्त पन्छी पालनमा लगानी गरेको छ? छ भने उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्:

नाम/ठेगानाः .................................................................

प्रदेश...................जिल्ला....................पालिका...................................वडा नं..................टोलः.....................

फोन नं./ मोबाइल नं................................

लिएको वा लिन सम्झौता गरेको ऋणको रकमः रु......................... अक्षरेपी (.......................................)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, पन्छीबारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछौँ। मैले/हामीले बीमासंग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य लुकाएको, छिपाएको छैन। यो प्रस्ताव नै बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा स्वःघोषणा गर्दछु/गर्दछौं। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

**प्रस्तावकको**

हस्ताक्षरः

नाम (संस्था वा व्यक्तिगत):

संस्था भए संस्थाको छापः

संस्थाको हकमा संस्थाको आधिकारिक प्रतिनिधिको नाम:

मिति:

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -२**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**प्रविधिक जाँच सिफारिसपत्र**

**(प्रस्ताव फाराम साथ संलग्न हुनु पर्ने)**

१) पन्छी प्रस्तावकको (व्यक्ति वा संस्था) को नामः............................................................

पूरा ठेगाना:........................... प्रदेश:..................जिल्ला......................पालिका..................वडा.नः.....................टोलः...................फोन नः................. मोबाइल नं. ................................ईमेल....................................

पेशाः ..................

२) फार्मको नाम:

३) पालन विधिः

क) खुल्ला ख) अर्ध सघन प्रणाली ग) सघन प्रणाली (डिप लिटर प्रणाली घ)केज प्रणाली ) डिप लिटर र केज दुवै

४) पन्छीको प्रकार: कुखुरा /हाँस/ टर्कि/लौकाट, ग्राण्ड प्यारेन्ट, प्यारेन्ट, स्थानीय कुखुरा र घरायसी प्रयोजनका लागि पालिने पन्छी:

५) पन्छी संख्याः

६) पन्छी पालनको **प्रयोजनः**

७) पन्छी जाँचेको मिति:

बीमाको लागि प्रस्तावित प्रत्येक पन्छीहरुको विवरण:

**(पन्छीको किसिम अनुसार छुट्टा छुट्टै विवरण तालिका प्रयोग गर्नुपर्नेछ )**

**पन्छीको किसिमः**

| क्र.स | जात | उमेर | समूह( ब्याच) |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

८) बीमा गरिने पन्छीसंग अन्य पन्छीहरु राखेको छ वा छैन? छ भने उल्लेख गर्नुहोस

९) पन्छीलाई दाना र पानी दिने छुट्टा-छुट्टै भाडाको व्यवस्था गरिएको छ वा छैन? पन्छीको लागि स्वच्छ पानी र पर्याप्त दानाको व्यवस्था गरिएको छ वा छैन?

१०) के पन्छीहरुलाई (ब्रोइलर, ल्येर्स, प्यरेण्ट) रोगको प्रकोप अनुसार पन्छी चिकित्सक वा ह्याचेरीले तोके बमोजिम विभिन्न खोप दिईएको छ?

११) पन्छीहरुलाई अन्तरिक परजीवि (जुका) बिरुद्ध औषधी खुवाइएको छ वा छैन?

१२) पन्छीको फार्ममा जैविक सुरक्षाका उपायहरु अपनाईएको छ वा छैन?

१३) पन्छीहरू आपूर्तिको श्रोत के हो ?

१४) पन्छी राख्ने खोरको अवस्था कस्तो छ? उल्लेख गर्नुहोस् ………………

१५) स्थानिय कुखुरामा रानीखेतको खोप लगाईएको छ वा छैन ?छ भने उल्लेख गर्नुहोस।

१६) पन्छी जोखिमलाई स्वीकार गर्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस् ।

.............................................................................................................................................

१७) पन्छीको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?

............................................................................................................................................

१८) पन्छी बीमायोग्य छ वा छैन भन्ने निर्णय गर्नका लागि थप प्राविधिक जाँच आवश्यक ठान्नुहुन्छ? यदि ठान्नुहुन्छ भने कुन जाँच गर्नु उपयुक्त हुन्छ ?.......................................

१९)	यदि जाँच गरेको भए कागजात संलग्न गरी पन्छी बीमा गर्न मिल्ने वा नमिल्ने राय दिनुहोस् ।

.........................................................................................................................................

यस अनुसूचीमा उल्लिखित पन्छीको मैले ध्यानपूर्वक स्वास्थ्य प्राविधिक जाँच गरेँ । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु । यसमा लेखिएको व्यहोरा ठीक, साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला ।

| **ल्याप्चे छाप** | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**<u>प्राविधिकको</u>**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं.

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं.

कोड नं/ दर्ता नं.

संस्थाको हकमा कार्यालयको छापः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -३**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**पुन:प्रविधिक जाँच सिफारिसपत्र**

१) प्राविधिकको नाम:

ठेगाना:

प्रदेश.......पालिका................टोल.....................

फोन न:

२) पन्छी पालक प्रस्तावकको नाम (संस्था वा व्यक्तिगत) .....................................................

पूरा ठेगानाः

प्रदेश.......पालिका................टोल.....................फोननं./मोबाइल नं................................ईमेल......... ठेगाना:......................

३) पन्छी पुन जाँचेको मिति:

४) पन्छीको संख्याको विवरण: १) पहिलेको संख्या: २) हालको संख्या:

५) पन्छी मरेको संख्याः

६) पन्छी विरामी संख्याः

७) पन्छीको विवरणः

| क्र.स. | जात | हालको उमेर | औसत तौल(के.जी) | स्वास्थ्य स्थिति |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

८) जुन प्रयोजनको लागि पन्छी पालिएको हो सो प्रयोजनका लागि प्रयोग गरिएको छ वा छैन ?

९) रोगको प्रकोप अनुसार/ सङ्क्रामक रोग विरूद्ध खोप लगाईएको/उपचार गरिएको छ वा छैन ? यदि छ भने उपचार गरेको विवरण उल्लेख गर्नुहोस् ।

| क्र.सं. | पन्छीको उमेर | रोगहरुको उल्लेख | उपचार विवरण |
|---|---|---|---|
| | | | |

१०) पन्छीको हालको स्वस्थ्य अवस्था कस्तो छ उल्लेख गर्नुहोस?

११) पन्छीको लागि आवश्यकता अनुरुप दाना र सफा पानि दिईएको छ वा छैन ?

१२) व्यवसायिक पन्छी फार्ममा नियमित खोप लगाइएको छ वा छैन?

१३) हाल पन्छीमा सङ्क्रामक रोग देखिएको छ वा छैन? यदि छ भने कुन रोग हो उल्ल्लेख गर्नुहोस ?

१४) हाल पन्छीहरू रोग वा अन्य केहि कारण मृत्यु भएको छ वा छैन? छ भने पन्छीको संख्या र कारण उल्लेख गर्नुहोस्।

१५) व्यवासायिक फार्मममा पन्छी सम्बन्धी अभिलेखहरू राखेको छ वा छैन?

१६) पन्छीपालनलाई अझ व्यवस्थित गर्न दिईएका प्राविधिक सुझावहरु उल्लेख गर्नुहोस्

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -४**

**(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)**

**व्यवासायिक फार्मको पन्छी सम्बन्धी अभिलेखहरू**

**(१) पन्छी पालन गर्दाका महत्वपूर्ण गतिविधिहरूको विवरण**

| क्र.सं. | मिति | पन्क्षी संख्या | विक्री गरिएको पन्छी संख्या | | |
|---|---|---|---|---|---|
| १ | | | परिमाण (संख्या) | प्रति के.जी. मुल्य(रु ) | कुल मुल्य (रु ) |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

**पन्छीमा लाग्ने रोगहरुकोबारे राखिने अभिलेखको नमूना**

| क्र.सं.. | पन्छीको जात | पन्छी संख्या | रोग लागेका पन्छीको अनुमानित संख्या | रोगहरुको विवरण | उपचार खर्च(रु) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

| क्र.सं. | पन्छीको जात | पन्छी संख्या | दानाको खपत परिमाण (के.जी ) | दाना प्रति के.जी मुल्य | कुल दाना खर्च(रु) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

**आन्तरिक परजीवी विरुद्धको अभिलेख**

| क्र.सं. | पन्छीको जात | परजीवी | परजीवी विरुद्ध औषधी | नियमित औषधी दिईएको समय |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

अनुसूची-५

**(दफा १९ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>पन्छी विस्तृत विवरण तथा गणना तालिका</u>**

| | |
|---|---|
| पन्छी बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः<br>नागरिकता नं.<br>नागरिकता जारी गरिएको जिल्ला..........<br>नागरिकता जारी गरिएको मितिः<br>गैरनेपाली नागरिकको हकमा परिचय पत्र नं.<br>किसिम तथा नम्बर....................<br>गैरनेपाली नागरिकको हकमा परिचय पत्र जारी गर्ने संस्था....................<br>गैरनेपाली नागरिकको हकमा परिचय पत्र जारी भएको मिति ....................<br>व्यक्ति/ संस्था वा फर्मको दर्ता भएको ठेगानाः<br>संस्थाको हकमा प्यान नं.<br>प्रस्तावकको ठेगानाः<br>प्रदेशः..................................जिल्ला.................................<br>.<br>पालिका....................वडा नं.<br>............टोल...................आवास...........<br>फोन नं. ..............................मोबाइल नं. .........................<br>ईमेल ठेगाना............................ | बीमालेख नं.<br><br>अभिकर्ताको नामः<br><br>अभिकर्ता ईजाजतपत्र नं:.<br><br>प्राविधिकको नाम तथा सम्पर्क नं.:<br><br>प्राविधिकको कोड नं:.<br><br>बीमालेख जारी मितिः<br><br>बीमालेख जारी समयः<br><br>बीमालेख जारी स्थानः<br><br>नगदी बीजक जारी मिति तथा समय:<br><br>नगदी बीजक नं:.<br><br>बीमाङ्क रकम रुः |
| (खुलाउनु पर्ने)<br>प्रस्तावित बीमाको किसिमः<br>पन्छीको कुल संख्या ...............<br>पन्छीको उमेर:..........................<br>पन्छीको जातः.................................<br>पन्छीको प्रकारः...............................<br>बीमा प्रारम्भ मितिः .......................<br>बीमा समाप्ति मितिः........................<br>बीमा अवधिः ................. | |

| | |
|---|---|
| पन्छी खोर रहेको स्थानः<br>क्षेत्रफल ..................................<br>प्रदेशः............................जिल्ला...................<br>पालिका...............<br>वडा नं.........................टोल...................आवास........<br>फोन नं. ..............................मोबाईल नं. ................<br>ईमेल ठेगाना............................<br>कित्ता नं.......... चार किल्ला ......<br>ऐलानी जग्गाको हकमा स्थानीय तहले प्रदान गरेको संकेत नं. .................. | **बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको हकमा**<br>बैंक तथा वित्तीय संस्थाको नाम तथा ठेगानाः<br>ऋणको रकम:<br>ऋणको अवधि: |

| | | | | | |
|---|---|---|---|---|---|
| | **पन्छी बीमा गणना तालिका** | | | | |
| | **पन्छीको विवरण** | **पन्छी संख्या** | **बीमाङ्क रकम** | **बीमाशुल्क** | **जम्मा बीमाशुल्क** |
| नाम, थरः | ब्रोइलरको हकमा | **इच्छाईएको व्यक्तिको** | | बीमाङ्क रकमको ........१.२५ .% | रु. "क" |
| बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः | लेयर्स, ग्राण्ड प्यारेन्ट, प्यारेन्ट हाँस, टर्की, लौकाट, स्थानीय कुखुरा घरायसी प्रयोजनका लागी पालिने पन्छी को हकमा | | | बीमाङ्क रकमको... ५ % प्रतिशत) | रु. "ख" |
| इच्छाईएको व्यक्तिको बाबुको नामः | | | | | |
| | | जम्मा बीमाशुल्क | | | रु. "ग " |
| इच्छाईएको व्यक्तिको आमाको नामः | प्रत्यक्ष छुट भएमा (प्रतिशत खुलाउने) | .....%( प्रतिशत)= | | | रु. "घ " |
| सम्पर्क नं.<br>मोबाईल नं. .............. आवासः................. | छुट पछिको बीमाशुल्क | दावी रहित/प्रतक्ष छुट भएमा (ग-घ ) = रु. "ङ "<br>दावी रहित/प्रतक्ष छुट नभएमा(ग -०)= | | | |
| ईमेल ठेगाना.................................. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम | अनुदान बापत (ङ ×... % ) = | | | रु. "च" |
| | | बीमितले तिर्ने (ङ-च) = | | | रु. "छ " |
| | बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमीतको सङ्ख्या "अ" | बीमाशुल्क (रु ५००) "आ" | अ × आ | |
| | | | | रू. "ञ" | |

| | | |
|---|---|---|
| | **बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क** | झ + ञ = रु. …… |

बीमालेख स्वीकृत गर्ने अधिकारिको

दस्तखतः

हस्ताक्षरः

नामः

पदः

मितिः

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची -६**
**(निर्देशन २१ को उपदफा (४) सँग सम्बन्धित)**
**सामूहिक बीमा विस्तृत विवरण**

**बीमालेख धारक संस्थाको नाम: ... ... ...**
**बीमालेख धारकको ठेगानाः ... ... ...**
**बीमालेख नं.: ... ... ... ... ... ... ... ... ...**

| क्र.सं. | बीमितको नाम | ठेगाना | सम्पर्क न. | बीमा गरिएको पन्छीको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**संस्थाको प्रतिनिधिको**
हस्ताक्षरः
नामः
पदः
संस्थाको प्यान नं.
छापः
मितिः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची- ७**

**(दफा २५ को उपदफा (४) र (५) सँग सम्बन्धित)**

**<u>पन्छी बीमा क्षति मूल्याङ्कन प्रतिवेदन</u>**

(१) क्षति मूल्याङ्कनका लागि नियुक्त दिने बीमकको नामः............................................................

क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको मिति .............

क्षति मूल्याङ्कनकर्ता (व्यक्ति वा संस्था) को नामः............................................

प्यान नं. ..............................................

(२) क्षति मूल्याङ्कन गर्ने लागिएको स्थानको पूरा ठेगानाः

प्रदेशः...................जिल्ला................पालिका ................... वडा नं............. टोलः....................

फोन नं. ................ मोबाइल नं: ................. ईमेल ठेगाना: ....................................

क्षति मूल्याङ्कन गर्न खटाईएको मितिः...............................

क्षति मूल्याङ्कन लागि लागेको अवधिः...............................

क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः .....................

**(३) <u>दावी कर्ताको विवरणः</u>**

बीमा दावी कर्ताको नामः ..........................................

ठेगानाः .............................................

बीमालेख नं................................................ .

क्षति भएको बीमाको किसिमः आंशिक .............पूर्ण........................

**(४) <u>क्षति सम्बन्धी विवरणः</u>**

क्षति भएको मितिः ...........................................

क्षति भएको समयः ...........................................

क्षति मूल्याङ्कन गरिएको पन्क्षी पालन गरिएको स्थानको विवरणः

प्रदेश ..............जिल्ला ..................पालिका ............................ वडा नं........................ टोल..................... फोन नं.........

मोबाइल नं.......... इमेल ठेगाना ............

(५) **क्षतिको प्रकार:**

अग्नीजन्य…………………

हावाजन्य वा पानीजन्य……….

भूमीजन्य………………….

चट्याङ्जन्य……………….

रोगजन्य…………………...

(६) पन्छी**को विवरण:**

पन्छीको जातः

उमेरः..............................

**(७) <u>पन्छी क्षति हुनुको कारण:</u>**

**.............................................**.

**(८) <u>क्षति मूल्याङ्कनको विवरण:</u>**

.......................................................................

(९) **पन्छी संख्या क्षति भएको आधारमा मूल्याङ्कन**

बीमा भएको पन्छीको जातः..............................

जम्मा बीमा भएको पन्छीको संख्याः ..............................

क्षति भएको जम्मा पन्छीको संख्याः ...............................

जम्मा क्षति प्रतिशतः ...........................................

प्रति पन्छीको मूल्य रू............................................... .

कुल क्षति मूल्य रू............................................... .

अधिक कट्टा गरी बाँकी मूल्यः......

फोटो संख्या ..............................

भिडियो क्लिप समयः ...............................

**(१०) क्षतिको मात्रा निर्धारण**

कुल क्षति प्रतिशतः

कुल क्षति रकमः

फोटो संख्या (कम्तीमा पाँचवटा) ..........................................................

भिडियो क्लिपको समयः(कम्तीमा एक मिनेट) **.............................................**

माथि उल्लिखित पन्छीको पालनमा भएको क्षतिको सम्बन्धमा ध्यानपूर्वक मूल्याङ्कन गरी क्षति मूल्याङ्कन गर्दा लिएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरी क्षतिको मूल्याङ्कनको क्रममा तथ्यगत जानकारी प्राप्त भएका विवरणहरू सबै ठीक र साँचो छन् । सोही अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार निष्पक्ष तथा पक्षपात रहित रहेको स्व-घोषणा गर्दछु । यसमा लेखिएको व्यहोरा साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुझुँला ।

**क्षति मूल्याङ्कनकर्ताको:**

| दाँया | बाँया |
|---|---|
| | |

नामः

सम्पर्क नं :

इमेल ठेगानाः

कोड नं :

दर्ता नं.:

तालिम इजाजतपत्र नं.:

हस्ताक्षर:

संस्थाको हकमा प्यान नं.:

संस्थाको हकमा कार्यालयको छाप:

मिति.............................

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -८**

**(दफा २६ को उपदफा (१क) सँग सम्बन्धित)**

ब्रोईलरको साप्ताहिक निर्धारित गुणांक तालिका

(दावी रकम मूल्याङ्कन प्रयोजनका लागि)

| **उमेर(हप्ता)** | **चल्लाको मूल्य** | **दाना खर्च** | **निर्धारित गुणांक (उमेर अनुसार)** | **मूल्यांकन** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | | | ०.१६ | | |
| २ | | | ०.३३६ | | |
| ३ | | | ०.७०९ | | |
| ४ | | | १.२७ | | |
| ५ | | | १.९६ | | |
| ६ | | | २.८८ | | |
| ७ | | | ३.८१ | | |
| ८ | | | ४.७५ | | |

**अनुसूची-९**

**(दफा २६ को उपदफा (१ख) सँग सम्बन्धित)**

**लेयेर्स, ग्राण्ड प्यारेन्ट,प्यारेंट र हाँस,** टर्की, लौकाट, स्थानीय कुखुरा लगायत अन्य घरायसी प्रयोजनका लागी पालिने पन्छीको

दावी भुक्तानी तालिका

**साप्ताहिक निर्धारित गुणांक तालिका**

**दावी रकम मूल्याङ्कन प्रयोजनका लागि**

| उमेर( हप्ता) | चल्लाको मूल्य (उमेर अनुसार) | दाना खर्च | निर्धारित गुणांक | मुल्यांकन | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | | | ०.०७ | | |
| २ | | | ०.२३४ | | |
| ३ | | | ०.४४७ | | |
| ४ | | | ०.८७ | | |
| ५ | | | १.१२ | | |
| ६ | | | १.५६ | | |
| ७ | | | २.०३ | | |
| ८ | | | २.५६ | | |
| ९ | | | २.९८ | | |
| १० | | | ३.३३४ | | |
| ११ | | | ३.३९८४ | | |
| १२ | | | ३.९१३ | | |
| १३ | | | ४.४३५ | | |
| १४ | | | ४.९७८ | | |
| १५ | | | ५.५२३ | | |
| १६ | | | ६ | | |
| १७ | | | ६.५ | | |
| १८ | | | ६.९२५ | | |
| १९ | | | ७.५३५ | | |
| २० | | | ८.१७ | | |
| २१ | | | ८.५६६ | | |
| २२ | | | ९.२९३ | | |
| २३ | | | ९.५४४ | | |
| २४-३७ | | | १०.२ | | |
| ३८– ४५ | | | ७.२८५ | | |
| ४६–५२ | | | ५.७९३ | | |
| ५३- ६२ | | | ५.५२३ | | |
| ६३-७३ | | | ४.९२ | | |